# कुमारी बैंक लिमिटेड

## विषेश साधारण सभा
(२०७६/०२/३१)

## <u>निर्णय विवरण</u>

# श्री कुमारी बैंक लिमिटेडको
# विशेष साधारण सभाको
# निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

१) **सभाको मिति, स्थान र समय**

**मिति** : २०७६ साल जेष्ठ महिना ३१ गते शुक्रवार (तदनुसार १४ जुन २०१९)
**स्थान** : अमृतभोग क्याटर्स, कालिकास्थान, डिल्लीबजार, काठमाडौं ।
**समय** : अपरान्ह १२:३० बजे ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७५ साल जेष्ठ महिना ११ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको विशेष साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७६ जेष्ठ १२ गते र २०७६ जेष्ठ २२ गते क्रमशः अभियान राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लि.लाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका बरिष्ठ अधिवक्ता शम्भु थापालाई अनुरोध गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनि समूह “क” को तर्फवाट २ जना र सर्वसाधारण शेयरधनी समूह “ख” को तर्फवाट २ जना गरी कम्तिमा एक जना महिला सहित जम्मा ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विविध ।**

४) **सभामा उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री सन्तोष कुमार लामा | अध्यक्ष – उपस्थित |
| २) | श्री उत्तम प्रसाद भट्टराई | सञ्चालक – उपस्थित |
| ३) | ई. बिनोद दवाडी | सञ्चालक – उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवालि | सञ्चालक – उपस्थित |

KUMARI BANK

५)	श्री ऋषी अग्रवाल	सञ्चालक – उपस्थित
६)	डा. गणेश प्रसाद पाठक	सञ्चालक – उपस्थित

**(ख) बैंक पदाधिकारीहरुको उपस्थिति :**

१) श्री सुरेन्द्र भण्डारी – प्रमुख कार्यकारी अधिकृत
२) श्री अनुजमणी तिमिल्सिना – बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत
३) श्री राजिव गिरी - नायव प्रमुख कार्यकारी अधिकृत
४) श्री उमेश सिंह भण्डारी – नायव प्रमुख कार्यकारी अधिकृत
५) श्री अंगिर मान सिंह – नायव महाप्रबन्धक
६) श्री मनिष तिमिल्सिना - नायव महाप्रबन्धक
७) श्री रामचन्द्र खनाल - सहायक महाप्रबन्धक
८) श्री नरेन्द्र प्रसाद छत्कुली - कम्पनी सचिव/प्रमुख-कानून

**(ग) पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) आमन्त्रित, कानुनी सल्लाहाकार– बरिष्ठ अधिवक्ता श्री शम्भु कुमार थापा ।

**(घ) शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित १८ जना र प्रोक्सी दिने १६२ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या २,९५,९२,८५९
२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित ६३२ जना र प्रोक्सी दिने २५२ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ८७,३२,२२४
३) कुल शेयरधनीको प्रतिनिधित्व संख्या १,०६४
४) शेयरको कुल उपस्थिति प्रतिशत ५३.१४

**५) सभाको गणपूरक संख्या :**

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | कुल शेयरधनी संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुल शेयर संख्या ७,१६,३३,९४९ | ३,८३,२५,०८३ | ६५० | ४१४ | १,०६४ | ५३.५० |

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार अपरान्ह १२:३० बजेसम्म कूल शेयर संख्या (७,१६,३३,९४९) को ३,८०,६६,२८० शेयर अर्थात ५३.१४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई

KUMARI BANK

समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७) **सभाको अध्यक्षता :**
कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सद्दस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सवैलाई आ--आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले आसन ग्रहण गर्नुभयो ।

८) **छलफलका लागि आव्हान :**
साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले बोल्न ईच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

९) **छलफलमा सहभागी हुने शेयरधनीहरु:**
१. श्री अमृतनाथ रेग्मी
२. श्री अशोक उप्रेति
३. पूर्व मेजर श्री कुवेर श्रेष्ठ
४. श्री डम्मरु बल्लभ घिमिरे
५. श्री शिव प्रसाद पौडेल

१०) **छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा**
**क) श्री अमृतनाथ रेग्मी:–** सभालाई सम्बोधन गर्दै सञ्चालक निर्वाचनमा प्रमुख संस्थापक शेयरधनी लगायत महिला शेयरधनीको समेत प्रतिनिधित्व हुने गरी निर्विरोध निर्वाचित भएको जानकारी हुन आएकोले नव निर्वाचित सञ्चालक समितिलाई हार्दिक बधाइ ज्ञापन गर्दै उहाँहरुको कार्यकाल पूर्ण सफलताको कामना गर्नु भयो ।

**ख) श्री अशोक उप्रेति :–** श्री उप्रेतिले सभालाई सम्वोधन गर्दै विहानीले दिनको संकेत गर्छ भन्दै सञ्चालक समितिमा निर्विरोध निर्वाचित भई अव विवादको अन्त भएको र बैंकले ठूलो फड्को मार्ने अपेक्षा सहित नव निर्वाचित सञ्चालकज्यूहरुलाई हार्दिक बधाई तथा शुभ कामना व्यक्त गर्नु भयो ।

**ग) श्री कुवेर श्रेष्ठ (पूर्व मेजर) :–** श्री श्रेष्ठले नव निर्वाचित सञ्चालक समितिलाई हार्दिक बधाई ज्ञापन सहित शुभ कामना प्रदान गर्नुभयो । उहाँले अव बैंकले राम्रो मुनाफा कमायर शेयरधनीहरुलाई धनि बनाउन सुझाव दिनु भयो । बैंकको राम्रो उन्नति होस्, आर्थिक सुशासन हुनु पर्‍यो, पारदर्शि हुनु पर्‍यो, Performance राम्रो गर्न पर्‍यो र अनि मात्र सञ्चालकहरुको सुविधा बढाउन सुझाव गर्नु भयो । नव निर्वाचित सञ्चालकहरुलाई शेयरधनी विच परिचय गराएको भए राम्रो हुने सुझाव दिनु भयो । साथै नव निर्वाचित सञ्चालकहरुको vision सुन्न पाएको भए राम्रो हुने धारणा राख्नु भयो ।

KUMARI BANK

घ) **डम्मरु बल्लभ घिमिरे** :- सभालाई सम्वोधन गर्दै संस्थापक अध्यक्ष श्री नूर प्रताप ज.ब.राणाले शुरु गर्नु भएको यस बैंकलाई जिवित राख्नको लागि उहाँको छोरा अमिर प्रताप ज.ब.राणाको पुनरागमनले बैंकलाई कसैसँग मर्जमा नलाने संकेत गरेको धारणा राख्नु भयो । बैंक आफै sustain भई अगाडि बढ्न सुझाव गर्नु हुँदै नव निर्वाचित सञ्चालकज्यूहरुलाई हार्दिक बधाई तथा शुभ कामना व्यक्त गर्नु भयो ।

ङ) **श्री शिव प्रसाद पौडेल** :- सभालाई सम्वोधन गर्दै नव निर्वाचित सञ्चालकज्यूहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त सहित कुमारी बैंकलाई हाक्ने leader को रुपमा अध्यक्ष अमिर प्रताप ज.ब.राणा र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीको नेतृत्ववाट बैंक अगाडि बढ्ने विश्वास व्यक्त गर्नु भयो ।

शेयरधनी महानुभावहरुबाट बोल्ने क्रम समाप्त भएकोले अध्यक्षज्यूले वक्ता शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै नव गठित सञ्चालक समितिले बैंकलाई राम्रोसँग अगाडि बढाउने कुरामा बिस्वस्थ हुन आग्रह गर्नुभयो । सभालाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको निर्वाचन गर्ने प्रयोजनको लागि सञ्चालक समितिवाट अधिवक्ता श्री राजेश्वर अधिकारीलाई निर्वाचन अधिकृत नियुक्ती गरिएको र उहाँले यस निर्वाचन सम्पन्न गर्न गर्नु भएको कार्य विवरण सहित सञ्चालक निर्वाचन परिणाम घोषणा गरिदिन अनुरोध गर्नु भयो ।

निर्वाचन अधिकृत श्री देवकोटाले सञ्चालक समितिले आफुलाई दिइएको जिम्मेवारी अनुसार देहायको कार्य गरेको व्यहोरा सभा समक्ष अनुरोध गर्नुभयो । मुलुकको प्रचलित कानुन, बैंकको नियमावली, बैंकको निर्वाचन कार्यविधि निर्देशिका, २०७५ समेतका आधारमा मिति २०७६/०२/२३ मा निर्वाचन कार्यतालिका प्रकाशन गरिएको । उक्त कार्यतालिकामा बैंकको नियमावलिमा भएको व्यवस्था बमोजिम संस्थापक शेयरधनि समूह "क" को तर्फवाट २ जना र सर्वसाधारण शेयरधनी समूह "ख" को तर्फवाट २ जना गरी कम्तिमा एक जना महिला सहित जम्मा ४ जना सञ्चालकहरुको निर्वाचन प्रयोजनार्थ उमेदवारी मनोनयन गर्ने मिति २०७६/०२/२६ गते आईतवार विहान ११:०० बजेदेखि १२:३० बजेसम्मको समय निर्धारण गरिएको र उक्त तोकिएको समय भित्र जम्मा ४ जना सञ्चालक पदको लागि १ जना महिला सहित ४ जनाको मात्र उमेदवारी परेको । उक्त उमेदवारीमा दावि विरोध गर्ने समय मिति २०७६/०२/२७ गते विहान १०:०० बजे देखि ११:०० बजेसम्मको समय निर्धारण गरिएकोमा उक्त समय भित्र कुनै दावि विरोध प्राप्त नभएको । साथै सोहि दिन १२:३० बजे देखि २:३० बजेसम्म उमेदवारले नाम फिर्ता लिन सक्ने समय निर्धारण गरिएकोमा सो समय भित्र कुनै पनि उमेदवारले नाम फिर्ता नलिनु भएकोले सोहि दिन अपरान्ह ३:०० बजे मनोनयन अनुसारको ४ जना उमेदवारको अन्तिम नामावलि प्रकाशित गरिएको । जस अनुसार संस्थापक समूहको शेयरधनी तर्फवाट प्रतिनिधित्व गर्नु हुने संस्थापक शेयरधनी हितग्राहि खाता नं.१३०१५२०००००२३९९६ का श्री अमिर प्रताप ज.ब.राणा र संस्थापक शेयरधनी हितग्राहि खाता नं.१३०१२४०००००५५५१८ का श्री कृष्ण प्रसाद ज्ञवालीको उमेदवारी परेको । त्यसैगरी सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्नु हुने सर्वसाधारण समूहको शेयरधनी हितग्राहि खाता नं.१३०१५२०००००२२५९३ का श्रीमति अनुराधा चौधरी (महिला) र सर्वसाधारण शेयरधनी हितग्राहि खाता नं.१३०१५९००००००००७० का श्री महेश प्रसाद पोखरेलको उमेदवारी परेकोमा तोकिएको समय भित्र कुनै दावि विरोध पनि नपरेको र कुनै पनि उमेदवारले आफ्नो उमेदवारी फिर्ता पनि नलिनु भएकोले सोहि बमोजिम अन्तिम नामावलि प्रकाशन गरिएको । यस अघि मिति २०७६/०१/२६ गते बोलाईएको बैंकको १७ औं तथा १८ औं वार्षिक साधारण सभाको निर्धारित विषयहरु मध्ये सञ्चालक निर्वाचन प्रस्ताव मात्र सम्मानित उच्च अदालत पाटनको आदेशानुसार स्थगित हुन

गएको र उक्त आदेश मिति २०७६/०२/१० मा सोहि अदालतवाट खारेज भएकोले सोहि स्थगित सञ्चालक निर्वाचन प्रयोजनार्थ मात्र बोलाईएको आजको यस विशेष साधारण सभाको सञ्चालक निर्वाचन प्रस्तावमा संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुइ) मा संस्थापक शेयरधनी श्री अमिर प्रताप ज.ब.राणा र संस्थापक शेयरधनी श्री कृष्ण प्रसाद ज्ञवाली निर्विरोध निर्वाचत हुनु भएको घोषणा गर्नु भयो । त्यसैगरी सर्वसाधारण शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने सर्वसाधारण शेयरधनी श्रीमति अनुराधा चौधरी र सर्वसाधारण शेयरधनी श्री महेश प्रसाद पोखरेल निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

अध्यक्षज्यूले निर्वाचन अधिकृतद्वारा घोषित परिणाम अनुसार उपस्थित शेयरधनी साथिहरुले तालि बजाई सञ्चालक निर्वाचन परीणामलाई पारित गर्नको लागि निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन गर्नुभयो ।
कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित सञ्चालक निर्वाचन प्रस्तावमा निर्वाचन अधिकृतद्वारा घोषित परिणाम पारित गरीदिन अनुरोध गर्नुभयो ।

**१४) सभाको प्रस्ताव तथा निर्णयहरुः–**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनि समूह “क” को तर्फवाट २ जना र सर्वसाधारण शेयरधनी समूह “ख” को तर्फवाट २ जना गरी कम्तिमा एक जना महिला सहित जम्मा ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**निर्णयः–** प्रस्तुत प्रस्तावमा निर्वाचन अधिकृतद्वारा घोषणा गरिए अनुसार यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनि समूह “क” को तर्फवाट संस्थापक श्री अमिर प्रताप ज.ब.राणा र संस्थापक श्री कृष्ण प्रसाद ज्ञवालि सहित जना २ र सर्वसाधारण शेयरधनी समूह “ख” को तर्फवाट शेयरधनी श्रीमति अनुराधा चौधरी र श्री महेश प्रसाद पोखरेल सहित जना २ गरी एक जना महिला सहित ४ जना सञ्चालकहरु निर्विरोध निर्वाचित हुन भएकोले सभाले उक्त निर्वाचन परिणामलाई समर्थन गर्दै कर्तलध्वनिका साथ तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**ख. विविध ।**

प्रस्ताव खण्डको (ख) को विविध शिर्षक अन्तर्गत केही नभएको ।

सभाको अन्तमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावमा सर्वसम्मतिले पारित गरी दिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण लगानिकर्ता शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., कानूनी सल्लाहकार, पत्रकार मित्रहरु, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवै प्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २:०० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| नरेन्द्र प्रसाद छत्कुली<br>कम्पनी सचिव | सन्तोष कुमार लामा<br>अध्यक्ष |

KUMARI BANK LTD.